**प्रस्तावहरुः-**

१. जिल्ला समन्वय समितिको योजना सम्बन्धमा।
२. सन्थाल बस्तीको वहुवर्षीय ठेक्का सम्बन्धमा।
३. **घ** वर्गको निर्माण व्यवसायको इजाजत पत्र सम्बन्धमा।
४. घर नक्साको लागि बाटोको मापदण्ड संशोधन सम्बन्धमा।
५. प्रशासकीय भवनमा भरौट पुर्ने सम्बन्धमा।
६. बालुवा भरौट संकलन तथा विक्री सम्बन्धी ठेक्का सम्बन्धमा।
७. ज्येष्ठता सम्बन्धमा।
८. सरुवा सहमति सम्बन्धमा।
९. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा।
१०. फुटसलको जग्गा व्यवस्थापन सम्बन्धमा।

**निर्णयहरुः-**

१. प्रस्ताव १ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको सहयोगमा संचालन हुने योजनाहरु यस अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका योजनाहरु सिफारिस गर्ने।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकारबाट विशेष अनुदान मार्फत यस नगरपालिकाबाट चालु आ.व.२०८२/०८३ मा सञ्चालन हुने गरी **सन्थाल नमूना बस्ती निर्माण, रतुवामाई-८** का लागि रु. ६७ लाख बजेट विनियोजन भएको हुँदा उक्त नमूना बस्ती निर्माणको लागि बहुवर्षीय ठेक्का आह्वान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र गरियो।

| क्र.सं. | निर्माण व्यवसायीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | ए.डी. इन्फ्रा बिल्डर्स प्रा.लि. (पान ६२२४०९४४३) | रतुवामाई-८ | |
| २ | कृयांश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (पान ६२२३२७६४६) | रतुवामाई-६ | |
| ३ | ओम साईराम निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. (पान ६०४३१२१२७) | रतुवामाई-१० | |
| ४ | वशिष्ठ कन्स्ट्रक्सन (पान ६२२८२३१०२) | रतुवामाई-१० | |

४. प्रस्ताव नं. ४ रतुवामाई नगरपालिका भित्र अनुमति बिना निर्माण सम्पन्न भएका घरहरुको बाटोको मापदण्ड १२ फिट अथवा सो भन्दा माथि भएको हकमा घर अभिलेखीकरण प्रदान गर्ने।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रतुवामाई नगरपालिकाको वडा नं. ७ स्थित निर्माणाधीन प्रशासकीय भवनको चौरमा भरौट भर्नु पर्ने भएको साथै खर्चको मितव्यीतालाई ध्यानमा राख्दै रतुवामाई नगरपालिकाको आफ्नै ब्याकहोलोडर, ट्याक्टर सहित आवश्यकता अनुसारको थप भरौटका लागि आवश्यक जे.सी.बी., टिपर वा ट्याक्टर दैनिक भाडामा लिई व्यवस्थापन गरी भरौट पुर्ने कार्यलाई तत्काल अघि बढाउने निर्णय सर्वसम्मतिले पारित गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी तोकिएको दरमा विक्री गर्ने गरी घाटअनुसारको छुट्टाछुट्टै ठेक्का खोल्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विराटनगर, नेपालको प.सं.२०८०/०८३, च.नं.४९० र मिति २०८२/०५/१६ को राय परामर्श सम्बन्धी पत्रानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २६ को उपदफा १ मा यस ऐन बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा, समूहको पदमा स्थायी नियूक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गर्ने भनी उल्लेख भएको हुँदा सोही बमोजिम ज्येष्ठता कायम गर्ने र यस अघि तह वृद्धि भएका कर्मचारीहरुको हकमा समेत लागू हुने निर्णय सर्वसम्मतिले पारित गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत देहायको कर्मचारीहरुलाई स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ बमोजिम सरुवा सहमति प्रदान गरी अन्यत्र सरुवा भई जान सहमति दिने निर्णय सर्वसम्मतिले पारित गरियो।

| क्र.सं. | कर्मचारीको नाम र संकेत नं | सेवा/समूह/ पद | सरुवा भई जाने स्थानीय तह | कैफियत |
|---|---|---|---|---|
| १. | ललित कुमार बस्नेत (२३७८९१) | स्थानीय प्रशासन/सहायक पाँचौ | रावावेंशी गाउँपालिका, खोटाङ्ग | ऐनको दफा २४(४) |
| २. | तारा ज्ञवाली | कृषि/ना.प्रा.स./चौथो तह | विराटनगर महानगरपालिका, मोरङ | ऐनको दफा २४(४) |
| ३. | विजय कार्की | स्थानीय प्रशासन/सहायक चौथो | इटहरी उप महानगरपालिका, सुनसरी | ऐनको दफा २४(४) र (५) |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा रतुवामाई नगरपालिका वडा नं.-८ इटहरा बहुमुखी क्याम्पसको नाम तथा भोगचलनमा रहेको साविक राजघाट ६ ड को कित्ता नं. २३, ५२४, ६८० र ५२२ मा फुटसल तथा खेलकुद सम्बन्धी गतिविधि सञ्चालन हुने गरी संरचना निर्माण गर्न भनी सम्बन्धित क्याम्पसको सहमति समेत प्राप्त भएको हुँदा फुटसल लगायतका खेलकुद पूर्वाधार निर्माण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभाग, झोलुङ्गे पुल शाखा, श्रीमहल पुल्चोक ललितपुरको च.नं.झो.पु.१५२ र मिति २०८२/०६/२७ पत्रानुसार यस रतुवामाई नगरपालिकामा झोलुङ्गे पुलको माग फारम भरी पठाउने भनी विवरण माग भएको हुँदा देहाय बमोजिमको झोलुङ्गे पुल माग गर्ने निर्णय निर्णय सर्वसम्मतिले पारित गरियो।

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | गोढालो मार्ग हुदैं(कजला खोला) मदन प्रतिष्ठान जाने बाटो | रतुवामाई-६ | |
| २. | मोहनलाल दासको घर पश्चिम अमरदह जाने बाटो | रतुवामाई-९ | |
| ३. | मलधैया घाटबाट (कजला खोला) सुनवर्षी महाराजथान मन्दिर जाने बाटो | रतुवामाई-९ | |